
# आ व २०७७/०७८ को अर्धवार्षिक समीक्षाको प्रगति प्रतिवेदन २०७७




**(२०७७ फाल्गुण १७ )**

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली ¸रामेछाप¸वागमती प्रदेश¸नेपाल
**फोन नं**५४०५७४–०४८¸५४०५३२–०४८¸५४०११२–०४८ .
**फ्याक्सः**०४८५४०११२–
**वेबः**www.mathalimun.gov.np, **इमेलः**ito.manthalimun@gmail.com

# परिचय

नेपाल सरकारद्धारा रामेछाप जिल्लाको सदरमुकाममा अवस्थित मन्थली नगरपालिका तत्कालिन ७ वटा गाउँ विकास समितिहरु ( मन्थली,कठजोर, सालु, सुनारपानी, भलुवाजोर, भटौली र चिसापानी) लाई समायोजन गरेर १६वटा वडा रहने गरी २०७१ मसिर १६ गते घोषणागरियो । नेपालको सविधान वमोजिम राज्यको पुन: सरचना हुने क्रममा नेपाल सरकारले २०७३ साल फाल्गुण २७ गतेवाट लागु हुने गरी तत्कालिन नगरपालिकाका वडा सहित क्रमश: पुरानागाँउ, चनखु, गेलु र फुलासी गाँउ विकास समितिलाई समेत समावेश गरी १४ वटा वडा भएको नगरपालिकाको रुपमा स्थापित भएको छ ।

यो नगरपालिका वागमती प्रदेश अन्तर्गत रहेको ११९ वटा स्थानीय तह मध्येको एक हो । यस नगरपालिकाको क्षेत्रफल २११.७७ वर्ग किलोमिटरअर्थात (२११७७ हेक्टर) माफैलिएको छ । जसमध्ये कृर्षि भू उपयोगका दृष्टिले ७३३६ हेक्टर जमिन रहेको छ जसमा संचित जमिन १३५६ हेक्टर र  असंचित जमिन ४५१३ हेक्टर रहेको छ ।

यस नगरपालिकाको औषत तापक्रम २० देखि २५ डिग्री सेल्सियस रहेको छ । गर्मी याममा अधिकतम ३२ डिग्री सेल्सियस र न्यूनतम २ डिग्री सेल्सियस रहने गर्दछ । यस नगरपालिकामा कम उचाइ भएका सुनकोशी नदी, तामाकोशी नदी, भटौली र रणजोर खोला आसपासका वस्तीहरुमा उष्ण मौसमी हावापानी र यसका अलवा नगरपालिकाका अधिकांश भू भागमा न्यानो समशीतोष्ण हावापानी पाइन्छ ।

यस नगरपालिकाको भौगोलिक स्वरुप निकै भिरालो रहेकोले वर्षायाममा भू-क्षय र पहिरो निकै जाने गर्दछ । रणजोर खोलाको सिरमा रहेको घ्याप्चे पहिरो ठूलो र अनौठो रुपमा रहेको छ । यो पहिरोवर्षायाममा रोकिने र सुख्खा याममा निरन्तर गइरहने गर्दछ । यस पहिरोले वडा न ३ र ४ का अधिकांश वस्ती विस्थापित गर्नुका साथै सदरमुकामलाई समेत जोखिम युक्त वनाएको छ ।

प्रसिद्ध धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको रुपमा पुरानाँगाँउ वामचुराको वैरामहादेव( थानपति मन्दिर), चिसापानीको भिमसेन थान र चिसापानी गढी,  कठजोरको ऐराम्वास मन्दिर, सुनारपानीको थानपती मन्दिर, भलुवाजोरको तिल्केस्थानगढी, भटौलीको ढिकुरे मन्दिर नगरपालिकाको अमूल्य निधिका रुपमा रहेका छन् ।

मन्थलीको नामाकरणको सन्दर्भमा स्थानीय माझी जातिसँग जोडिएको कथा गाँसिएको छ । विशेषगरी आदिमकालदेखि मन्थलीको आसपास रहेका चिसापानी, मन्थली, भटौली, भलुवाजोर, पकरवास जस्ता गाउँ विकास समितिका भू भागहरुमा माझी जातिहरुको वसोवास रहेको पाइन्छ । सो जातिको छुट्टै राजा हुने चलन अनुसार एक जना मन नामक राजा रहेको र राजा वस्ने थलोलाई मनथलो भनिएको, पछि सो शव्द अप्रभ्रश भई मन्थली भएको मान्यता छ ।

त्यसैगरी प्राचिन किम्वदन्ती अनुसारविद्धत वर्गमा अर्को प्रसंग पनि पाईन्छ । आदिकालदेखि नै यस स्थानमा माझी जातिको वस्ती रहँदै आएको, जाडँ उनीहरुको मुख्य पेय भएको र माझी भाषामा मुन भनेको जाडँ र थलो भनेको खान बस्ने ठाउँ भन्ने बुझाउने भएकाले यसलाई जाडँ खाने र बस्ने स्थानको रुपमा पनि मन्थलो भन्न

थालिएको र यसै शब्दको अपभ्रंशबाट मन्थली हुन गएको हो । मन्थली भन्ने स्थान खासगरी गाउँलाई जनाउने भएतापनि समयक्रममा त्यसभन्दा तल रहेको बेसी पनि मन्थली बेसी भनेर चिनिन थालियो ।

## भौगोलिक अवस्थिति

प्रदेश : वागमती

जिल्ला : रामेछाप

सिमाना : पूर्वमा रामेछाप नगरपालिका, पश्चिममा खाँडादेवी र दोरम्वा गाँउपालिका, उत्तरमा लिखु तामाकोशी गाउँपालिका र दोलखा जिल्लाको मेलुङ्ग गाँउपालिका र दक्षिणमा सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका ।

क्षेत्रफल : २११.७७ वर्ग किलो मिटर (२११७७ हेक्टर)

जनसंख्या :२०६८ सालको जनगणना अनुसार ४५,४१६ जनसख्या ( २४,६६६ महिला र २०,७५०पुरुष )

२०७७ सालमा (प्रक्षेपित) अनुसार ५१,२४२ जनसख्या ( २७८३० महिला र २३४१२ पुरुप )

## प्रशासनिक एंव राजनैतिक विभाजन

प्रशासनिक केन्द्र : मन्थली

नगर सभा : ७५ जना

कार्यपालिका सदस्य : २४ जना

वडा संख्या : १४

**स्वास्थ्य संस्था** : २ प्राथमिक स्वास्थ्य केन्द्र, ९ स्वास्थ्य चौकी, ३ आधारभूत स्वास्थ्य चौकी, ८शहरी स्वास्थ्य केन्द्र, १ आयुर्वेदिक स्वास्थ्य केन्द्र, १सहकारी अस्पताल, २ निजी अस्पताल र ३ पोलिक्लिनिक ।

**शैक्षिक संस्थाहरु**: आधारभूत विद्यालय ५० ( ४७ सामुदायिक र ३ संस्थागत ), माध्यमिक विद्यालय २२ ( १९ सामुदायिक र ३ संस्थागत ) वाल विकास केन्द्र ८०, सामुदायिक सिकाई केन्द्र ९ , प्राविधिक शिक्षालय १,सामुदायिक क्याम्पस १, विशेष शिक्षा स्रोत कक्षा १ ।

**सहकारी संस्थाहरु**: वहुउद्देश्य ६, वचत तथा ऋण सहकारी संस्था ५८, कृर्षि सहकारी ४५ पर्यटन सहकारी १ गरी जम्मा ११० वटा

**जनशक्ति व्यवस्था;**

**निजामती सेवा :** नगरपालिकामा जम्मा दरवन्दी ६९ (अधिकृत १४ सहायक स्तर ५५) कार्यरत ६९ ( स्थायी ४५ र करार २४ ) ।

**स्वास्थ्य सेवा :** दरवन्दी ७० (स्थायी ६१ र करार ९), नगर पालिकावाट ११ र प्रदेश सरकारवाट ८ गरी ८९ जना ।

**शिक्षकहरु :** दरवन्दी २७२ ( प्राथमिक तह २०९, निम्न माध्यमिक ३२, माध्यमिक तह २७ उच्च माध्यमिक तह ४ ) र राहत अनुदान १३८ ( प्राथमिक तह ५९, निम्न माध्यमिक ४५, माध्यमिक तह २० र उच्च माध्यमिक १४ ) गरी ४१० जना ।

## यस नगरपालिकाको वडा विभाजन

| वडा नं. | साविकका न पा/ गा वि स हरु | | विशेष संरक्षित वा स्वायक्त क्षेत्र | क्षेत्रफल | वडा कार्यालय रहेको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | साविकका न पा र गा वि स | वडा न | | | | |
| १ | मन्थली न पा | १,२ | माझी संरक्षित क्षेत्र | १०.९४ | मन्थली वजार | |
| २ | मन्थली न पा | ३,४ | | १२.१५ | टेकनपुर, थापागाँउ | |
| ३ | मन्थली न पा | ५,६ | | १४.४८ | कठजोर,ठाँटी | |
| ४ | मन्थली न पा | ७,८ | | १९.८६ | सालु वजार | |
| ५ | मन्थली न पा | ९,१० | | १२.९४ | सुनारपानी | |
| ६ | मन्थली न पा | ११,१२ | माझी संरक्षित क्षेत्र | ३१.५९ | कुनाउरी | |
| ७ | मन्थली न पा | १३,१४ | माझी र वादी संरक्षित क्षेत्र | २५.४८ | भटौली | |
| ८ | मन्थली न पा | १५,१६ | | १०.०२ | चिसापानी सानाचौर | |
| ९ | पुरानाँगाउँ गा वि स | १-९ | | ११.७२ | सिम्ले | |
| १० | चनखु गा वि स | १-९ | | १३.१६ | चनखु पाखे सिम्ले | |
| ११ | गेलु गा वि स | ५-९ | | १८.३३ | वुडावुडी ढुङ्गा नाटिला | |
| १२ | गेलु गा वि स | १-४ | | ७.८५ | सिक्राल | |
| १३ | फुलासी गा वि स | १-५ | | ११.७३ | चिण्डे | |
| १४ | फुलासी गा वि स | ६-९ | | ११.५२ | कर्जाङ्ग | |
| | जम्मा | | | **२११.७७** | | |

## कृर्षि भू उपयोगको अवस्था

| वडा नं. | क्षेत्रफल वर्ग कि.मि. | हेक्टर | खेती योग्य जमिन (.हे) | सिंचित क्षेत्र (.हे) | असिंचित क्षेत्र (.हे) | खेती गरिएको जमिन (.हे) |
|---|---|---|---|---|---|---|
| १ | १०.९४ | १०९४ | ४९६ | ९२ | ३०५ | ३९७ |
| २ | १२.१५ | १२१५ | ४३४ | ८१ | २६६ | ३४७ |
| ३ | १४.१८ | १४४८ | ३१२ | ५७ | १९३ | २५० |
| ४ | १९.८६ | १९८६ | ५९८ | ११० | ३६८ | ४७८ |
| ५ | १२.९४ | १२९४ | ६६५ | १२३ | ४०९ | ५३२ |

| वडा नं. | क्षेत्रफल वर्ग कि.मि. | हेक्टर | खेती योग्य जमिन (.हे) | सिंचित क्षेत्र (.हे) | असिंचित क्षेत्र (.हे) | खेती गरिएको जमिन (.हे) |
|---|---|---|---|---|---|---|
| ६ | ३१.५९ | ३१५९ | ९०५ | १६७ | ५५७ | ७२४ |
| ७ | २५.४८ | २५४८ | ७६८ | १४२ | ४७२ | ६१४ |
| ८ | १०.०२ | १००२ | ४४४ | ८२ | २७३ | ३५५ |
| ९ | ११.७२ | ११७२ | ६०१ | १११ | ३७० | ४८१ |
| १० | १३.१६ | १३१६ | ३७१ | ६९ | २२८ | २९७ |
| ११ | १८.३३ | १८३३ | ६०३ | १११ | ३७१ | ४८२ |
| १२ | ७.८५ | ७८५ | २५९ | ४८ | १५९ | २०७ |
| १३ | ११.७३ | ११७३ | ४४५ | ८२ | २७४ | ३५६ |
| १४ | ११.५२ | ११५२ | ४३५ | ८१ | २६७ | ३४८ |
| **जम्मा** | **२११.७७** | **२११७७** | **७३३६** | **१३५६** | **४५१३** | **५८६९** |

## भौतिक सुविधा

| **विवरण** | **आफ्नै** | **भाडा** | **अन्य** |
|---|---|---|---|
| भवन वडा कार्यालय / | ६ | ८ | १ |
| ईन्टरनेट | ७ सात वटा वडामा | | |
| **सवारी साधन** | | | |
| चार पांग्रे | ४ | दुई पांग्रे | १८ |
| दमकल | १ | एम्वुलेन्स | ३ |
| सववाहन | १ | टिपर, एक्साभेटर | २ |

## योजना तथा अनुगमन र समितिका वैठक

| **समिति** | **अनुगमन** | **समिति** | **बैठक संख्या** |
|---|---|---|---|
| अनुगमन समिति | ११ | नगर सभा | १ |
| वडा स्तरीय अनुगमन समिति | ५५ | कार्यपालिका वैठक | ५ |
| | | स्थानीय राजश्व परामर्श समिति | ७ |
| | | सुशासन समिति | ० |
| | | विषयगत समितिहरु | ४ |

## वित्तीय अवस्था(हजारमा)

| स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा प्रविष्ट भएको स्रोतगत वजेटको अवस्था | | | | |
|---|---|---|---|---|
| क्र स | संघीय सरकार | प्रदेश सरकार | आन्तरिक श्रोत | जम्मा |
| १ | ६९०९६०७४० | ७७९५६००० | २३५६७१११४२२. | १००४५८७८५४२२. |

## आ व २०७७/०७८ को अर्धवार्षिक प्रगति

| क्र स | शीर्षिकहरु | वजेट | खर्च | प्रगति (%) |
|---|---|---|---|---|
| १ | चालु | ५४०४८२७४०००. | १८१५२९८६२२०. | ३३.५९ |
| २ | पुँजी | ४६४१०५११४२२. | ८०४२३६११००. | १७.३३ |
| | जम्मा | १००४५८७८५४२२. | २६१९५३४७३२०. | २६.०७ |

## वार्षिक वजेट र खर्चको अवस्था

| क्र स | विवरण | वार्षिक वजेट | हालसम्मको निकासा | २०७७ पौषसम्मको खर्च | खर्च% |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार | ५४०४८२७४० | २९५४५०००० | १९०७५०००० | ३२.६० |
| २ | प्रदेश सरकार | ७७९५६००० | १९४८८००० | २३७४००० | ३०.५ |
| ३ | राजश्व बाँडफाँड | १०५८५८७४० | ३५३८६००० | २१४४२००० | २०.२६ |
| ४ | आन्तरिकमौज्दात/ | २३५६७१११४ | १८५६७१००० | ४७३८४००० | २०.११ |
| | जम्मा | १००४५८७८५४२. | ५३५९९५००० | २६१९५०००० | २६.०७ |

## खर्चको क्षेत्रगत वजेट बाँडफाँड

| क्र स | विषयगत क्षेत्र | वजेट | खर्च | प्रगति (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १६४०२५००० | १७१४८१७२ | १०.४५ |
| २ | सामाजिक विकास | ४२४४६०५०० | १४९४०३९७८५२. | ३५.२ |
| ३ | पूर्वाधार विकास | २५५४४२६१४२२. | ५५६४५१६५ | २१.७८ |
| ४ | सुशासन तथा अन्तर् सम्बन्धित क्षेत्र | १९८८८००० | २०८३४९१ | १०.४८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४०७७१७४० | ३७६७२६६६७०. | २६.७६ |
| | जम्मा | १००४५८७८५४२२. | २६१९५३४७३२०. | २६.०७ |

## आन्तरिक आयको अवस्था

| क्र स | विवरण | लक्ष्य | प्राप्ति | प्रगति(%) |
|---|---|---|---|---|
| १ | एकीकृत सम्पत्ति कर | ४०००००० | ४३५६९६० | |

| क्र स | विवरण | लक्ष्य | प्राप्ति | प्रगति(%) |
|---|---|---|---|---|
| २ | घर वहाल कर | १००००००० | ९२१२३७५८. | |
| ३ | नक्सापास दस्तुर | १००००००० | ३३५९४१६४. | |
| ४ | सिफारिस दस्तुर | ० | ० | |
| ५ | व्यक्तिगत घटना दस्तुर | २००००० | ६२००० | |
| ६ | नाता प्रमाणित दस्तुर | १००००० | ७५५०० | |
| ७ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १५००००० | २७१२१५० | |
| ८ | अन्य कर | १००००००० | १८६९४३० | |
| ९ | वहाल विटौरी कर | १००००० | ८६२१८३ | |
| १० | पार्किङ्ग शुल्क | ३००००० | ५०९०६५ | |
| ११ | मनोरञ्जन शुल्क | ० | ० | |
| १२ | प्रदुषण नियन्त्रण शुल्क | ४००००० | १९६००० | |
| १३ | जलस्रोत सम्वन्धी दहत्तर | १७०००००० | ५७००००० | |
| १४ | प्रशासनिक दण्ड जरिवाना | | १०३२०० | |
| | **जम्मा** | **२६६००००००** | **१७७०३६६७** | **६६%** |

## **सार्वजनिक सेवा तथा क्षमता विकास तर्फ**

- सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी र जन सहभागितामूलक बनाई प्रभावकारी ढङ्गले सार्वजनिक सेवा प्रवाह गरी सुशासनको प्रत्याभूति दिन सम्पुर्ण सूचना तथा जानकारी यस नगरपालिकाको web side- www.manthalimun.gov.npमा राख्ने, स्थानीय सञ्चार माध्यमबाट प्रकाशन/ प्रशारण गर्ने, नागरिक वडापत्र, गुनासो पेटिका, कार्यालय भित्र सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था ।
- नगरका वार्षिक गतिविधिहरुलाई पारदर्शी वनाई नगरपालिकालाई जनता प्रति जवाफदेही वनाउन नगरपालिकाको वार्षिक समीक्षा प्रगति प्रतिवेदन सार्वजनिक।
- नेपाल सरकार अन्तर्गतका विभिन्न सशर्त कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्नका लागि तोकिए अनुसारका जनशक्ति सेवा करारमा पदपूर्ति गरी कार्यक्रम कार्यान्वयन गरिएको ।
- कृर्षि र पशु क्षेत्रमा सेवा प्रवाह नागरिकहरुको घर दैलोमा पुर्याउन एक वडा एक प्राविधिक कर्मचारीहरुको व्यवस्थापन गर्ने कार्य भएको ।
- नगरपालिका स्थापना भए पश्चात पहिलो पटक २०७७ साल मंसिर १६ गते नगरको स्थापना दिवस मनाई विभिन्न क्षेत्रमा योगदान पुर्याएका व्यक्तिहरुलाई पुरस्कार तथा सम्मान गरिएको ।

## **आर्थिक विकास तर्फ**

| क्र स | विवरण | वार्षिक वजेट | दोस्रो चौमासिक सम्मको वजेट | वितीय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | जम्मा खर्च | प्रतिशत | |
| १ | कृर्षि सेवा | १८९६४००० | | ४४६०० | ०.२४ | |
| २ | पशु सेवा | २०७५०००० | | ३४८९१८६ | १६.८१ | |
| ३ | उद्धम विकास | ३४९९६५० | | ८०९६३ | २.३१ | |
| ४ | सहकारी | २०५०००० | | ० | ० | |

- तीन जना युवा उद्धमी छनौट गरी रु पाँच/पाँच लाखका दरले रकम उपलव्ध गराइएको ।
- गरिवी निवारणका लागि लघु उद्दम विकास कार्यक्रम कार्यान्वयनका लागि नगर उद्दम विकास समिति गठन । वडा नं. २ र ५ कार्यक्रम सञ्चालनका लागि छनौट ।
- VCDP लागु भएका क्षेत्रमा कोभिड-१९ राहत कार्यक्रम सहित तरकारीको विउ वितरण ।
- VCDP र कृर्षि सहकारीसँगको सहकार्यमा कृर्षि उपज सङ्कलन तथा विक्री केन्द्र निर्माण गरी सञ्चालन ।
- सामुदायिक छाडा कुकुर नियन्त्रणका गरी वन्ध्याकरण र रेविज खोप शिविर, एक वडा एक जोनेटिक (रेविज रोग) र स्थलगत परजिवी नियन्त्रण कार्यक्रम सञ्चालन ।
- दुध उत्पादन गर्नगाई भैसी पालन गर्ने किसानहरुलाई प्रोत्साहित गर्न पशु वीमा अनुदान, भैसीमा सुत्केरी स्याहार प्रोत्साहन भत्ता र सम्भव भएसम्म प्राविधिक सेवा गोठ खोरमा उपलव्धता ।
- मासु पसल, दाना पसल, एग्रोभेट र डेरी उद्योगहरुको अनुगमन ।
- आप्रवासी स्रोत केन्द्रवाट २६२ जनाले परामर्श सेवा प्राप्त गरेका छन । त्यस्तै दुईवटा वित्तीय साक्षरता कक्षा सञ्चालनमा रही ४७ जना लाभान्वित भई रहेका छन् ।
- नगरपालिकाले संघीय प्रणाली अनुरुप अन्य स्थानीय तहसँग समन्वय, सहकार्य र सह अस्तित्वको सिद्धान्त वमोजिम दोरम्वा, सुनापति र उमाकुण्ड गाँउपालिकालाई समेत सामीरोजगार प्रवर्द्धन कार्यक्रममा/ प्राविधिक सहयोग उपलव्धता ।
- वडावाट प्राप्त निवेदनका आधारमा वेरोजगार व्यक्तिहरुको नामावली MIS प्रविष्ट गर्ने कार्य सम्पन्न भई ७७७ जना वेरोजगार व्यक्तिहरु सूचीकृत ।

## सामाजिक विकास तर्फ

| क्र स | विवरण | वार्षिक वजेट | दोस्रो चौमासिक सम्मको वजेट | वित्तीय व्यवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | जम्मा खर्च | प्रतिशत | |
| १ | शिक्षा युवा तथा खेलकुद | ३१०१९९००० | | ११७६८००७३ | ३७.९ | |
| २ | स्वास्थ्य | १११८९५५०० | | ३९८६५४५० | ३५.६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | **महिला वालवालिका तथा सामाजिक परिचालन** | ६०४५००० | | ६९१५१८ | ११.४४ | |
| ४ | **सामाजिक सुरक्षा तथा पञ्जीकरण** | ११७३१७००० | | ५१२३९००० | ४३.६७ | |

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको संख्या र खर्च**

| क्र स | कार्यक्रम | वजेट | संख्या | खर्च | कैफियत |
|---|---|---|---|---|---|
| | **सामाजिक सुरक्षा भत्ता** | **४९५०७५४४** | | | |
| १ | जेष्ठ नागरिक अन्य | | **२८२६** | **३३८०१०००** | |
| २ | जेष्ठ नागरिक दलित | | **३०२** | **२३७००००** | |
| ३ | एकल महिला | | **५९४** | **४७१४०००** | |
| ४ | विधवा | | **६०८** | **४८२८०००** | |
| ५ | पुर्ण अपाङ्ग | | **१२२** | **१४५८४००** | |
| ६ | आंशिक अपाङ्ग | | **२०७** | **१३२४८००** | |
| ७ | वालवलिका संरक्षण | | **७०३** | **१०५८०९४** | |
| | जम्मा | | **५३६२** | **४९५०७५४४** | |

## व्यक्तिगत घटना दर्ता

<table>
<tr><th rowspan="2">विवरण</th><th colspan="3">संख्या</th><th>उपलब्धिहरु</th></tr>
<tr><th>महिला</th><th>पुरुष</th><th>जम्मा</th><th rowspan="8">वडा नं. १ को अनलाईन मार्फत गरिएको ।</th></tr>
<tr><td>जन्म दर्ता</td><td>२८८</td><td>३१४</td><td>६०२</td></tr>
<tr><td>मृत्यु दर्ता</td><td>४७</td><td>१११</td><td>१५८</td></tr>
<tr><td>विवाह दर्ता</td><td colspan="2"></td><td>११९</td></tr>
<tr><td rowspan="2">वसाईसराई दर्ता</td><td>आएको</td><td>गएको</td><td rowspan="2">१९</td></tr>
<tr><td>१२</td><td>७</td></tr>
<tr><td>सम्वन्ध विच्छेद</td><td colspan="2"></td><td>१</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९०२</td></tr>
</table>

- कोभिड १९ को प्रभाव र असरका वीचमा विद्यालय सञ्चालन प्रयोजनार्थ शैक्षिक सरोकारवालाहरुसँग छलफल ।
- ११५२२ जना वालवालिकाहरुलाई मास्क उपलव्धता।
- विद्यार्थी सख्याका आधारमा शिक्षक दरवन्दी मिलान, विद्यालयमा वालमैत्री कक्षाकोठा ब्यवस्थापनका लागि शैक्षिक सामग्री निर्माण कार्यशाला, योग्य एंव गुणस्तरीय शिक्षक छनौटका लागि प्रश्न वैंक तयार र विद्यालय तहमा एकीकृत शैक्षिक सूचना प्रणालीको व्यवस्थापनका लागि प्रधानाध्यापक र कम्प्यूटर शिक्षकहरुको क्षमता अभिवृद्धि ।
- विद्यालयहरुको शैक्षिक गतिविधिहरु प्रभावकारी र व्यवस्थित वनाउन अनुगमन एंव सुपरीवेक्षण
- माध्यमिक विद्यालयका खेल शिक्षक र शिक्षिकाहरुलाई एक दिवसीय अभिमुखी कार्यक्रम सञ्चालन गरी आवश्यकीय खेल सामग्रीहरु उपलव्धता।
- अत्यावश्यक नि: शुल्क औषधिहरुको अभाव हुन नदिन व्यवस्थापकीय पक्षलाई चुस्त दुरुस्तवनाइएको ।
- स्वास्थ्य संस्थाहरुमा २४ घण्टे प्रसुती सेवाको प्रवन्ध र सुत्केरीसँग उपमेयर कार्यक्रम सञ्चालनवाट स्वास्थ्य संस्थामा सुत्केरी हुन जाने सख्यामा वृद्धि भई मातृ मृत्यु दर र शिशु मृत्यु दरमा उल्लेखनीय कमी आएको ।
- कोभिड-१९ को सन्दर्भमा RDT ५४० जनाको, PCR परीक्षण ८८४ जनाको गरी ११३ जना पहिचान भएका संक्रमित व्यक्तिहरुलाई आवश्यक स्वास्थ्य सेवा उपलव्धता ।
- ५ वेडको कोभिड अस्पताल स्थापना गरी जनशक्ति र औजार उपकरणहरुको व्यवस्था ।
- तीन वटा विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम सञ्चालन ।
- लैङ्गिक हिंसा विरुदको १६ दिने अभियान महिला पुरुष समविकास कानुनी सचेतना कार्यक्रम सञ्चालन गरी २४४ जना लाभान्वित ।
- हिंसा पीडितको तत्काल राहत, उद्धार र व्यवस्थापनका लागि अल्पकालिन सेवा केन्द्रको स्थापना ।
- १४ जना पीडितहरुलाई उद्धार गरी पारिवारिक पुनर्मिलन, पुनर्स्थापना केन्द्र, सीप विकास तालिममा पठाइएको ।
- नगर भित्रका ५५९७ जनालाई सामाजिक सुरक्षा भत्ता उपलव्धता।
- सामाजिक सुरक्षा भत्ता वैङ्किग प्रणालीमार्फत वितरण गर्ने नीति अनुरुप प्रथम चौमासिकमा दुईवटा वडावाट शुरुवात गरी सवै वडाहरुमा वैङ्किग प्रणालीमार्फत वितरण गर्न वैङ्कहरुसँग सम्झौता भई शिविरमार्फत खाता खोल्ने कार्य गरिएको ।

## पूर्वाधार विकास तर्फ

| क्रस | विवरण | योजना सख्या | सम्पन्न | कैफियत |
|---|---|---|---|---|
| १ | वडा शिलिङ्गवाट | ३५७ | ८६ | २०२ वटा सम्झौता |
| २ | सचित कोषवाट | | | ५ वटा क्रमागत |
| ३ | प्रदेश सवारी करवाट | | | १ क्रमागत |
| ४ | नगरका गौरवका योजनाहरु | ४ | | ४ क्रमागत |

| क्रस | विवरण | योजना सख्या | सम्पन्न | कैफियत |
|---|---|---|---|---|
| ५ | प्रदेश सशर्त | ७ | | |
| ६ | प्रदेश र स्थानीय पूर्वाधार विकास | १४ | | |
| ७ | प्रदेश समपूरक | ६ | | ४ वटै क्रमागत |
| ८ | सघीय विशेष अनुदान | १ | | २ क्रमागत |
| ९ | सघीय समपूरक | ३ | | २ क्रमागत |
| | जम्मा | | | |

## वजेट सीमा र क्षेत्रगत आधारमा योजनाहरु

| क्र स | विषयगत क्षेत्र | ५ लाख सम्म | ५ लाख देखि १० लाख | १० लाख देखि ५० लाख सम्म | ५० लाख भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सडक | ७७ | ८ | ८ | ५ | ९८ |
| २ | खानेपानी | ५६ | २ | ४ | ० | ६२ |
| ३ | सिचाई | ३९ | १ | ३ | ० | ४३ |
| ४ | कार्यालय भवन | ० | | ३ | १ | ४ |
| ५ | मठ मन्दिर  अन्य पूर्वाधार | १२४ | ८ | ५ | २ | १३९ |
| ६ | तालिम गोष्ठी र खरिद | ४७ | २ | १ | ० | ५० |
| | जम्मा | ३४३ | २१ | ३३ | ८ | ३९६ |

## पूर्वाधार योजनाहरुको प्रगति अवस्था

| योजनाहरु | प्रगति | योजनाहरु | प्रगति |
|---|---|---|---|
| **सडक** | **(मि.कि)** | **सिचाइ** | |
| नयाँ ट्याक | ६.५०३ | पक्की | १०८४.६० मिटर |
| चौडा वढाइएको | १६.२३६ | कच्ची | ३० मिटर |
| ग्रावेल सोलिङ्ग | २७.२७ | पोखरी | २ वटा |
| सडक मर्मत | १९.८६ | पाइप | ४३९५ मिटर |

| योजनाहरु | प्रगति | योजनाहरु | प्रगति |
|---|---|---|---|
| कालो पत्रे | ४.३२५ | **कार्यालय/ विद्यालय भवन** | ३ वटा |
| **खानेपानी** | | **झोलुङ्गे पुल मर्मत** | ० |
| पाइपलाइन | ७२०० मी | **अन्य पूर्वाधार** | |
| ट्याङ्की | ३ वटा | **मठ मन्दिर** | ११ वटा |
| धारा | | **अन्य** | १७ वटा |

- वडा न २ र १० मा भवन निर्माण कार्य सम्पन्न भइ हस्तान्तरण ।
- प्रदेश सरकारसँगको साझेदारीमा शित भण्डारण केन्द्रको निर्माण कार्य भइरहेको ।
- सघीय र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा नगर भित्रका मुख्य सडकहरु मध्ये मन्थली सुनारपानी सालु ,भुत्याखोला टेकनपुर कठजोर ऐराम्वास सडक, चिसापानी गेलु सिक्राल सडक, चिसापानी पुरानाँगाउँ सडक, चिसापानी चनखु सडक, देविटार फुलासी सडक क्रमागत योजनाको रुपमा रहेको,
- यस चालु आ व का लागि विनियोजित रकमवाट निर्माण कार्य शुरु गर्न ठेक्का वन्दोवस्तीका कार्य सम्पन्न ।
- हालसम्म नगर भित्र संघ , प्रदेश र यस नगरपालिका समेतको लगानीमा ४३ किलो मिटर कालोपत्रे ४५ किलो मिटर सडक ग्राभेल तथा सोलिङ्ग गरिएको
- भिमसेनथान र चिसापानी गढीलाई लक्षित गरी फुटट्याक निर्माण भइरहेको
- भलुवाजोरको तिल्के स्थानगढीलाई लक्षित गरी प्रदेश सरकारसँगको साझेदारीमा क्रमागत रुपमा योजनाहरु सञ्चालन भइरहेको ।
- नगरको महत्वपूर्ण गौरवको आयोजनाको रुपमा वाल उद्यानसहितको तीनलाल पार्क को निर्माण कार्य करिव २५ प्रतिशत प्रगति ।
- नगरवासीहरुलाई खानेपानीको व्यवस्थापन गर्न लिफ्टिङ्ग एंव डिपवोरिङ्ग र खेती योग्य जमिनमा सिचाँई प्रवर्द्धनका लागि लिफ्टिङ्ग, डिप वोरिङ्ग लगायतका प्रविधिमार्फत खानेपानी र सिचाईको योजना सञ्चालन ।
- ३९६ वटा योजनाहरु मध्ये १२२ वटाको उपभोक्ता समिति गठन भई कार्य सञ्चालनका लागि कार्य आदेश दिइसकेको र ६५ वटा योजनाहरुको कार्य सम्पन भई भुक्तानी भएको ।
- ११ वडामा उपभोक्ता समितिहरुलाई अभिमुखीकरण सञ्चालन।
- ठेक्का प्रणालीवाट सञ्चालन भएका क्रमागत सहितका २० वटा योजनाहरु मध्ये ७ वटा योजनाहरु सम्पन्न र ४ वटा आयोजनाहरु सम्पन्न हुने चरणमा ।
- ३ वटा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण भई रहेको ।
- ३९६ वटा विकास आयोजनाहरु मध्ये पाँच लाख भन्दामुनि लागतका मात्रै ३४३ वटा अर्थात ८६६. प्रतिशत योजनाहरु रहेका । जसको व्यवस्थापन गर्न जटिल भएको छ ।

- सामाजिक सञ्जाल, टेलिफोन र कार्यालय मै उपस्थित भई विकास आयोजनाका सम्वन्धमा आएका गुनासाहरुका सम्वोधन तत्काल स्थलगत रुपमा आवश्यक्ता अनुरुप विषय विज्ञ सहितको टोलीवाट अनुगमन एंव सुपरीवेक्षण गराई सुधार गरिदै आएको ।

## वातावरण तथा विपद :

- नगर भित्र हुन सक्ने प्राकृतिक विपत्तिको क्षतिलाई न्यूनीकरण गर्दै उद्धार, राहत वितरण र पुनरोत्थान तथा पुनस्थापनाका कार्यमा जोड दिइ दमकल, एम्वुलेन्स, सववाहन र व्याकहोलोडरलाई २४ सै घण्टा सुचारु अवस्थामा राखिएको
- वातावरणको क्षेत्रमा काम गर्ने विभिन्न संघ सस्थाहरुसगँको समन्वय र सहकार्यमा वृक्षारोपण, संरक्षण र सम्वर्द्धनका कार्यक्रमहरु सञ्चालन गरी वातावरण मैत्री नगर निर्माणमा जोड ।

## विधेयक समिति / कानून

- न्यायिक समिति समक्ष प्राप्त हुन आएका उजुरीहरुको समयमै सुनुवाई भएको ।
- उजुरीको सुनुवाईको लागि ईजलासको व्यवस्था गरिएको ।
- नगरपालिका विरुद्ध विभिन्न अदालतमा परेका ५ वटा उजुरीहरु मध्ये हालसम्म भएका ४ वटा फैसला नगरपालिका कै पक्षमा ।
- ४ वटा ऐन संशोधन र ४ वटा नयाँ विधेयकहरु स्वीकृत ।
- ऐन, नियम, निर्देशिका, कार्यविधि, आचारसंहिता

| क्र स | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | ऐन संशोधन | ४ | |
| २ | नियमावली, निर्देशिका, कार्यविधि | ४ | |
| ३ | अन्य | ० | |
| | जम्मा | ८ | |

# वडागत प्रगतिको अवस्था

| वडा | राजश्व संकलन | योजना | | | सामाजिक सुरक्षा लाभग्राही | पञ्जीकरण | सिफारिस | चालु खर्च |
|---|---|---|---|---|---|---|---|---|
| | | योजना | सम्झौता | भुक्तानी | | | | |
| १ | २१३६०० | ५० | २७ | १६ | २२४ | ८१ | १२७३ | १५०००० |

| वडा | राजश्व संकलन | योजना | | | सामाजिक सुरक्षा लाभग्राही | पञ्जीकरण | सिफारिस | चालु खर्च |
|---|---|---|---|---|---|---|---|---|
| | | योजना | सम्झौता | भुक्तानी | | | | |
| २ | ७२३०० | ३५ | १७ | ७ | ३९४ | ११५ | ३७४ | २९१११६ |
| ३ | ६१८०० | २४ | ८ | १ | ३६४ | ९९ | ४६२ | ३१५८२५ |
| ४ | ६९२०० | २१ | ११ | २ | ५१७ | १२० | ७८८ | ३१५८२५ |
| ५ | ३९७०० | १४ | १ | १ | ३३५ | ७७ | | १५०००० |
| ६ | ५८६०० | २४ | ११ | २ | ४५२ | १४७ | ७३१ | ४६००८० |
| ७ | ६५९०० | ४५ | १३ | ५ | ५३९ | १७४ | ७०८ | ५१९६७२ |
| ८ | १२४९०० | ३१ | २४ | ७ | ५०३ | १०७ | ५०६ | ४१५६८१ |
| ९ | ५६४०० | २५ | ९ | ४ | ४०३ | ६९ | | १९०२२२ |
| १० | २४००० | २४ | ११ | ५ | २६५ | ६१ | ३१६ | ३००००० |
| ११ | ८४६०० | ३७ | ३० | १९ | ४०९ | १०२ | ६०३ | २४५७१९ |
| १२ | २६९०० | २६ | १८ | ४ | ३०९ | ४१ | ४७३ | २५३८४४ |
| १३ | ७२९०० | १७ | ९ | ७ | ३३६ | ६८ | ४३० | १९०२२२ |
| १४ | १०२००० | २२ | १३ | ४ | ३१२ | १०० | | ६९०४५ |
| जम्मा | १०७२८०० | ३९६ | २०२ | ८६ | ५३६२ | | | |

## पारदर्शिता एंव  वित्तीय सुशासन

| क पेश्की विवरण . | | | |
|---|---|---|---|
| क्र स | विवरण | ०७६ ०७७ को/पेश्की | ०७६०७७ सम्मको पेश्की / बाँकी |
| १ | पदाधिकारीको नाममा रहेको पेश्की | ५००००० | ५००००० |
| २ | कर्मचारीको नाममा रहेको पेश्की रकम | ३२२६१२५ | ३२२६१२५ |
| ३ | मोविलाइजेशन पेश्की | ७१८९६९२ | ७१८९६९२ |
| ४ | अन्य | २३००००० | २३००००० |
| | जम्मा | १३२१५८१७ | १३२१५८१७ |

## वेरुजु विवरण .

| विवरण | नियमित गर्ने | पेश्की | असुल उपर गर्नु पर्ने | जम्मा |
|---|---|---|---|---|

| | वेरुजु | वेरुजु | वेरुजु | वेरुजु |
|---|---|---|---|---|
| संघीय सरकार समपूरक र विशेष अनुदान | ९०९९०९२० | ५८६३८१७ | ९६९६९१३७ | ९६९६९१३७ |
| प्रदेश सरकार समपूरक अनुदान | ३९०००००० | १६०००००० | ५५०००००० | ५५०००००० |
| आन्तरिक श्रोत तर्फ | ४३९४३३८ | ५७५२००० | ७५७८५८६ | १७७२४९२५ |
| जम्मा | ९९२८५२५९ | १३२१५८१७ | १३१९२९८७ | १२०१९४०६२ |

## पारदर्शिता तथा सुशासन

| क्र स | विवरण | २०७६०७७/ | २०७७०७८/ | कैफियत |
|---|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई | कोभिड १९को असर | तयारी भइरहेको | |
| २ | सार्वजनिक परीक्षण | भएको | | |
| ३ | सामाजिक परीक्षण | भएको | | |
| ४ | नागरिक वडापत्रको व्यवस्था | छ | छ | |
| ५ | वेभसाइट अध्यावधिक | छ | छ | |
| ६ | फेसवुक पेज | छ | छ | |
| ७ | सञ्चार माध्यमवाट सार्वजनिक | भएको | भएको | |

## उजुरी वा गुनासो

| क स | विवरण | २०७६०७७ उजुरी / संख्या | २०७७०७८ उजुरी / संख्या | उजुरी फर्छौट |
|---|---|---|---|---|
| १ | अ दु अ आ | ३ | २ | - |
| २ | राष्ट्रिय सतर्कता केन्द्र | १ | | - |
| ३ | उजुरी पेटिका | - | - | - |
| ४ | कार्यालयमा निवेदन दर्ता | २ | | २ |

## सम्पादित उल्लेखनीय कार्यहरु

- अनलाइन घटना दर्ता, राजश्व संकलन तथा सामाजिक सुरक्षा भत्ताको अभिलेख अध्यावधिक

- स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA), CGAS,Online Vouching, PAMS लगायतका अनलाइन सफ्टवेयर कार्यान्वयन
- COVID 19 को संक्रमणवाट नागरिकहरुलाई सुरक्षितरुपमा राख्न र उपचारमा प्रभावकारीरुपमा व्यवस्थापन
- शैक्षिक संस्थाका प्रमुखहरुसँग कार्य सम्पादन करार गरी शैक्षिक क्षेत्रमा सुधार गर्ने अभियान
- सामाजिक सुरक्षा भत्ताका लागि वैकहरुसँग सम्झौता भइ कार्यान्वयन ।
- असल अभ्यासहरु
- शैक्षिक सुधारको ४० वुँदे साझा प्रतिवद्ध्द्धता अनुरुप कार्यक्रम सञ्चालन ।
- आधारभूत तहका लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन
- सम्पन्न कार्यहरुलाई सार्वजनिक (वार्षिक प्रगति प्रतिवेदन, स्वत प्रकाशन)
- दुध उत्पादक किसानहरुलाई प्रति लिटर रु २/ का दरले अनुदान र पशु विमा कार्यक्रम सञ्चालन ।

## प्रमुख समस्याहरु

- कर्मचारी र जनप्रतिनिधि वीच प्रभावकारी समन्वयमा कठिनाई ।
- संघीय र प्रदेश ऐन कानुनको अभावमा स्थानीय ऐन नियमहरु निर्माण गर्न कठिनाई ।
- वजेट विनियोजन गर्दा सम्वन्धित खर्च शीर्षक एकिन नहुँदा अन्य शीर्षकवाट खर्च लेख्नु पर्ने वाध्यता ।
- वडागत योजना तर्जुमामा वडा अध्यक्षको भूमिका मात्रै हावी हुनु ।
- वजेट खर्चको अख्तियारी, निकासा प्राप्तिमा ढिलाई हुन ।
- समावेशी विकास नभै भौतिक पूर्वाधारलाई मात्र विकास ठान्नु ।
- दीर्घकालिन नभई टुक्रे आयोजनामा प्राथमिकता दिनु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अपनत्व महशुस नहुनु ।

## वडाले महशुस गरेका समस्याहरु

- इन्टरनेट सेवा सुविधा सहज नहुनु ।
- सेवा प्रवाहका आधारमा कर्मचारी व्यवस्थापन नहुनु ।
- आफ्नो भवन नहुँदा कार्य सम्पादनमा सहजता नहुनु ।
- विकास निर्माणमा जनसहभागिता जुटाउन कठिन ।
- छनौट भएको योजनाहरुमा लागत अनुमान अनुसारहरुको वजेट व्यवस्थापन नहुनु ।

## कोराना भाइरस(COVID 19) सक्रमण रोकथाम तथा नियन्त्रण

**क  आर्थिक व्यवस्थापन**

| क्र स | विवरण | रकम |
|---|---|---|
| १ | विपद व्यवस्थापन कोष (अघिल्लो वर्षको अ ल्या ) | २७१०८६९ |
| २ | संघीय सरकार | १०००००० |
| ३ | प्रदेश सरकार | ० |
| ४ | आन्तरिक स्रोत न पा | ५१०००० |

| | | |
|---|---|---|
| ५ | अन्य कोष | ० |
| | जम्मा | ८८१०८६९ |

**सञ्चालित कार्यक्रम**

| **क्र स** | **सञ्चालित कार्यक्रमहरु** | **ईकाइ** | **परिमाण** |
|---|---|---|---|
| १ | आइसोलेसन | जना | १७ |
| २ | होल्डिङ्ग सेन्टर व्यवस्थापन | जना | ७३ |
| ३ | आइसोलेसनकोराइन्टाइन व्यवस्थापन / | पटक | ५ |
| ४ | Help Desk सञ्चालन | वटा | ० |
| ५ | श्वाव परीक्षणको व्यवस्थापन | जना | ७९२ |
| ६ | कोभिड Positive | जना | ११२ |
| ७ | कोभिड अस्पताल स्थापना | वेड | ५ |
| ८ | औषधि व्यवस्थापन | पटक | १ |
| ९ | अत्यावश्यक स्वास्थ्य सामग्री व्यवस्थापन | पटक | १ |

**खर्चको विवरण**

| **क्र स** | **विवरण** | **रकम रु** |
|---|---|---|
| १ | ओषधि व्यवस्थापन | ० |
| २ | क्वारिन्टन व्यवस्थापन( खानागाडी/खाजा/) | ६६६७७० |
| ३ | होल्डिङ्ग सेन्टर (विद्‌धुत शुल्क | २२२०२ |
| ४ | अतिरिक्त जोखिम भत्ता/ | २५०७० |
| ५ | आइसोलेसन व्यवस्थापनघेरावार मन्थली प्रा स्वा के / | २७८७५९ |
| ६ | स्वाव परीक्षणको VTM व्यवस्थापन | ८४२०० |
| ७ | प्रशासनिक खर्च | ५००० |
| ८ | अत्यावश्यक स्वास्थ्य सामग्री व्यवस्थापन | ७८११९० |
| | जम्मा | १८६३१९१ |

# २०७७ फाल्गुण १७ गते भएको अर्धवार्षिक प्रगति समीक्षा कार्यक्रममा उपस्थित पदाधिकारीहरुको विवरण र निर्णयहरु

वैठक संख्या: ४३
स्थान: मनपा वैठककक्ष
समय: विहान ११: ०० वजे

आज मिति २०७७ साल फाल्गुण १७ गते सोमवारकाका दिन मन्थली नगरपालिका, नगरकार्यपालिकाको वैठक नगरप्रमुख श्री रमेश कुमार बस्नेतज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रमेश कुमार वस्नेत | नगर प्रमुख | |
| २ | श्री माया कुमारी कार्की | नगर उपप्रमुख | |
| ३ | श्री नारायणदास श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | श्री तरणीशंकर अधिकारी | २ नं वडा अध्यक्ष | |
| ५ | श्री केशव कुमार रोका | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री विरेन्द्र कुमार वज्राचार्य | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री राम बहादुर कार्की | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री गोपाल बहादुर माझी | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री सुदर्शन प्रसाई | ७ नं वडा अध्यक्ष | |
| १० | श्री राजकुमार श्रेष्ठ | ८ नं वडा अध्यक्ष | |
| ११ | श्री वुध्दि बहादुर पुलामीमगर | ९ नं वडा अध्यक्ष | |
| १२ | श्री भरत बहादुर वोहरा | १० नं वडा अध्यक्ष | |
| १३ | श्री भिम बहादुर थापामगर | ११ नं वडा अध्यक्ष | |
| १४ | श्री कृष्णहरी अधिकारी | १२ नं वडा अध्यक्ष | |
| १५ | श्री राजेन्द्र चौहान | १३ नं वडा अध्यक्ष | |
| १६ | श्री भरत सिं वाईवा | १४ नं वडा अध्यक्ष | |
| १७ | श्री यशोदा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १८ | श्री विमला रम्तेल | कार्यपालिका सदस्य | |
| १९ | श्री ममिता श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | श्री शान्तीमाया तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री श्रीबहादुर माझी | कार्यपालिका सदस्य | |
| २२ | श्री निरमान माझी | कार्यपालिका सदस्य | |
| २३ | श्री उध्दव रम्तेल | कार्यपालिका सदस्य | |
| २४ | श्री हिरा कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २५ | श्री लिलाराज पौडेल | सदस्य सचिव (प्र.प्र.अ.) | |

आमन्त्रित:

| | | | |
|---|---|---|---|
| १ | श्री हेमन्त कुमार कुवावोडी | उपसचिव (प्रा.) | |
| २ | श्री गोविन्द कुमार कटेल | अधिकृत, प्रशासनशाखा | |
| ३ | श्री सुदर्शन कुमार राय | कानून अधिकृत | |
| ४ | श्री [illegible] | लेखा अधिकृत | |

## २०७७ फाल्गुण १७ गतेको नगरकार्यपालिकाको ४३ औं वैठकको निर्णयहरु

निर्णय नं. १

मन्थली नगरपालिकाबाट चालु आ.व.को पुस मसान्तसम्म सम्पादन गरिएका कार्य र खर्चको अर्ध वार्षिक प्रगति समीक्षा गरियो । कार्य सम्पादनका क्रममा देखिएका कमजोरीहरुलाई सुधार गर्न सम्बध्द सबै पक्ष जिम्मेवारी पूर्वक लागि पर्ने।

निर्णय नं. २

नगरपालिकाको संस्थागत स्वमूल्यांकनका सूचाकाकं र नगरपालिकाबाट सम्पादित कार्यको वारेमा समीक्षा गरियो । पुरा हुन नसकेका आवश्यक सूचकाकंका लागि प्रमाण कागजको अभिलेख राख्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देश गर्ने ।

निर्णय नं. ३

चालु आर्थिक वर्षमा विनियोजित रकमबाट उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाको कार्यान्वयन ढिलो भएको हुँदा लक्ष्य अनुसारको प्रगति कम देखिएकाले २०७७ चैत्र मसान्तसम्म आयोजना सम्झौता गरी उपभोक्ता समितिलाई गतिशिल बनाउने तत् पश्चात सम्झौता प्रक्रिया अगाडि नवढाउने ।

निर्णय नं. ४

प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीको स्वामित्वमा रहेको जग्गा नयाँ गोरख गण रामेछाप व्यारेकबाट स्वामित्व हस्तान्तरणका लागि प.सं. १०४२७/प्र/९/०७७/७८/२० को पत्र मार्फत माग भइ आएको छ। उक्त जग्गाको स्वामित्व हस्तान्तरण माग सम्बन्धी प्रस्ताव आगामी नगरसभामा पेश गर्ने।

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५**

**नगरपालिकाको पशुसेवा उपशाखाबाट चालु आ.व.मा स्वीकृत ७० प्रतिशत लागत साझेदारीमा गाई र बाखा प्रर्बद्धन कार्यक्रम सम्वन्धमा निम्नानुसार गर्ने ।**

१) यस कार्यक्रमका लागि प्रस्ताव पेश गरि छनौटमा परेका समुह/सहकारीहरुका लाभग्राही सदस्यहरुलाई वितरण गर्न तोकिएको प्राविधिक स्पेशिफिकेशन अनुसार तपसिल बमोजिमको पशुहरुको दर/रेट तोकि नियमानुसार टेन्डर प्रक्रियाबाट खरिद गरि वितरण गर्ने ।

तपसिल :

| क्र.सं. | पशुको विवरण | प्रति पशुको दर | कैफियत |
|---|---|---|---|
| १ | उन्नत जर्सी/होल्स्टेन क्रस गाई (ब्याउने, दुहुना) ६२.५ प्रतिशत शुद्वता | ८५,०००।- | |
| २ | प्रजननको वोयर जमुनापारी क्रस बोका कम्तिमा ६ महिना भन्दा बढि उमेरको (२५ प्रतिसत भन्दा बढि बोयर क्रस) | प्रति के.जी.रु.२०००।- | |
| ३ | खरी/जमुनापारी क्रस बाखा (कम्तिमा ५ महिना भन्दा बढि उमेरको) | प्रति गोटा - रु.१२०००।- | |

२) आ.व. २०७७।७८ को प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनातर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार ७० प्रतिशत लागत साझेदारीमा अनुदानमा साना व्यवसायिक कृषि उत्पादन केन्द्र बाखा (पकेट) कार्यक्रमका लागि छनौटमा परेका समुह/सहकारीहरुका लाभग्राहि सदस्यहलाई वितरण गर्न तोकिएको प्राविधिक स्पेशिफिकेशन अनुसार तपसिल बमोजिमको पशुहरुको दर/रेट तोकी नियमानुसार टेन्डर प्रक्रियाबाट खरिद गरि वितरण गर्ने ।

तपसिल :

| क्र.सं. | पशुको विवरण | प्रति पशुको दर | कैफियत |
|---|---|---|---|
| १ | प्रजननको वोयर जमुनापारी क्रस बोका कम्तिमा ६ महिना भन्दा बढि उमेरको २५ प्रतिसत भन्दा बढि बोयर क्रस | प्रति के.जी.रु.२०००।- | |
| २ | खरी/जमुनापारी क्रस बाख्रा (कम्तिमा ५ महिना भन्दा बढि उमेरको) | प्रति गोटा - रु.१२०००।- | |

निर्णय नं. ६.

मन्थली नगरपालिकाको आवधिक योजना निर्माण, मध्यकालीन खर्च संरचना गुरुयोजना निर्माण र ल्याण्डफिल्ड साईड निर्माण लगायतका, डिपीआर, निर्माण तयारी कार्यको तत्काल प्रक्रिया अगाडि वढाउने ।

२०७८/११/१८